# कुमाल समुदायका बालबालिकाको प्राथमिक शिक्षामा पहुँच

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो बर्ष
पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषय आंशिक
आवश्यकता पूरा गर्नका लागि तयार पारिएको
शोध-पत्र


शोधकर्ता

विष्णु प्रसाद खनाल

परीक्षा रोल नं.:- २८१७०७/०६६

त्रि.वि. दर्ता नं.: ५६४-८९



त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय केन्द्रिय विभाग

कीर्तिपुर, काठमाडौं ।

२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग पाठ्यक्रम तथा मूल्याङकन विभाग अर्न्तगत स्नाकोत्तर तह द्वितीय वर्ष कोर्ड नं ५९८ को आंशिक आवश्यकता पुरा गर्नका लागि छात्र विष्णुप्रसाद खनालले मेरो प्रत्यक्ष सुपरिवेक्षणमा रहि 'कुमाल समुदायका बालबालिकाको प्राथमिक विद्यालय शिक्षामा पँहुच' शिर्षकमा तयार गर्नुभएको शोधपत्र अन्तिम मूल्याँकनको लागि सिफारिस गर्दछु ।

शोध निर्देशक

त्रिलोचन ढकाल
शिक्षा शास्त्र केन्द्रिय विभाग,
किर्तिपुर ।

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय  शिक्षाशास्त्र केन्द्रिय विभाग पाठ्यक्रम  तथा मूल्याँङ्कन विभाग अर्न्तगत स्नाकोत्तर तह द्वितीय वर्ष कोर्ड नं ५९८ को आंशिक आवश्यकता पुरा गर्नका लागि छात्र विष्णुप्रसाद खनालले 'कुमाल समुदायका बालबालिकाको प्राथमिक विद्यालय शिक्षामा पँहुच' शिर्षकमा तयार गर्नुभएको शोध प्रतिवेदन स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

स्वयम्प्रकाश ज.ब.रा
विभागीय प्रमुख

शोध निर्देशक
त्रिलोचन ढकाल

बाह्य परीक्षक

मिति.........................

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग पाठ्यक्रम तथा मुल्याङकन विभाग अर्न्तगत स्नाकोत्तर तह द्वितीय वर्ष कोर्ड नं ५९८ को आंशिक आवश्यकता पुरा गर्नका लागि 'कुमाल समुदायका बालबालिकाको प्राथमिक विद्यालय शिक्षामा पँहुच' शिर्षक शोधपत्र तयार पारेको छु ।

यस शोध प्रतिवेदनमा अर्घाखाँची जिल्लाको दुई वटा गा.वि.स. वाङ्गला वडा नं ९ र पाली गा.वि.स. वडा नं ९ मा पर्ने बलेवाङ्मा बसोबास गर्ने कुमाल समुदायका बालबालिकाहरुको प्राथमिक विद्यालयमा रहेको शैक्षिक अवस्था, शैक्षिक पँहुचमा देखिएका समस्या र समाधान गर्ने उपायहरु उल्लेख गरिएको छ । यस अध्ययन प्रतिवेदनले बलेवाङ्मा बसोबास गर्ने कुमाल समुदायको बारेमा जानकारी लिन खोज्ने जुन सुकै व्यक्ति वा संस्थालाई पूर्ण सहयोग गर्नेछ भन्ने कुरामा विश्वस्त छु ।

प्रस्तुत शोधपत्र पुरा गर्न शुरुदेखि अन्यसम्म नै आवश्यक मार्गदर्शन र सुपरिवेक्षणमा अमूल्य समय प्रदान गर्नुहुने आदरणीय गुरु त्रिलोचन घिमिरे ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गत रहेर आवश्यक सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुभएका सम्पूर्ण आदरणीय गुरुहरुप्रति आभार प्रकट गर्दछु ।

अध्ययनको क्रममा अमूल्य समय दिई आवश्यक सूचना तथा प्रतिक्रियाहरु उपलब्ध गराइदिनु भएका सम्पूर्ण कुमाल समुदायप्रति हार्दिक धन्यबाद टक्राउँछु ।

छलफल र प्रश्नावलीमा सक्रिय रुपमा भाग लिई सूचना संकलनको लागि सहयोग गर्नुहुने तीनैवटा प्राथमिक विद्यालयका प्रधानाध्यापक ज्यूहरु, शिक्षक ज्यूहरु, अभिभावक ज्यूहरु तथा विद्यार्थीहरुलाई हृदयत धन्यबाद टक्राउँछु ।

यस शोधपत्र तयार गर्नको लागि मलाई हरतरहले सहयोग गर्नुनुहुने बाबा-आमा, जि.शि.अ. दाजु मित्रमणी खनाल, भाई सुशिल खनाल, बहिनी सिर्जना खनाल, काका पिताम्बर खनाल, काकी लक्ष्मी खनाल, भाइ शोभित खनाल र दिलिप खनालका साथै कम्प्यूटर टाईप गरि सहयोग गर्नुहुने शिव वर्मा, शत्रुधन, मिन लामा समेतलाई धन्यवाद टक्राउँछु ।

विष्णुप्रसाद खनाल

# शोध सार

यो अध्ययन अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ९ र पाली गा.वि.स. वडा नं. ९ मा पर्ने वलेवाङमा बसोबास गर्ने कुमाल समुदायका बालबालिकाहरुको प्राथमिक विद्यालय पहुँच भन्ने विषयमा गरिएको छ । विभिन्न जाति जानजातिहरुको शैक्षिक पहुँचको अवस्थाको बारेमा खोज अनुसन्धान गरि उनीहरुको उत्थानको लागि प्रभावकारी कदमहरु अगाडि बढिसकेका देखिन्छन् । तर देशै भरि विभिन्न ठाउँमा बसोबास गर्ने कुमाल समुदायको शैक्षिक अवस्था र पहुँचको बारेमा छुट्टै अध्ययन गरेको विरलै पाइयो । यसैले यो अध्ययनबाट वलेवाङमा बसोवास गर्ने कुमाल बालबालिकाहरुको प्राथमिक विद्यालयमा पहुँचको स्थिति पत्ता लगाउन तथा अन्य जातिको विद्यार्थीको दाँजोमा कुमाल विद्यार्थीहरुको कक्षा उपस्थिति, शैक्षिक उपलब्धि र क्रियाकलापको अवस्था पहिचान गर्ने उद्देश्य लिइ सञ्चालन गरिएको यो अध्ययनले कुमाल समुदायको प्राथमिक विद्यालय र पहुँचको अवस्थाबारेमा जानकारी चाहने सम्पूर्ण व्यक्ति तथा संघ–संस्थाहरुलाई आवश्यक सूचना प्रदान गर्नेछ ।

यस अध्ययनमा प्रत्येक कुमालहरुको घर–घरमा पुगि परिवारको सदस्य संख्या, शैक्षिक अवस्था, उमेर र पेशा सम्बन्धि व्यक्तिगत विवरण संकलन गरिएको थियो । त्यसैगरि कुमाल समुदायका बालबालिकाहरु अध्ययन गर्न जाने ३ वटा विद्यालय मथुरा नि.मा.वि, गोपेश्वर प्रा.वि र वलेवाङ प्रा.वि छनौट गरि कुमाल बालबालिकाहरुको भर्ना संख्या, नियमितता, उपलब्धी र क्रियाकलाप सम्बन्धी विवरण लिई अन्य जातिका विद्यार्थीसँग तुलनात्मक अध्ययन गरिएको थियो । यसरी सूचना संकलन र अध्ययनका लागि ३ वटा विद्यालयका कक्षा १–५ का जम्मा विद्यार्थी संख्या नियमितता र उपलब्धी तथा कुमाल विद्यार्थीको संख्या, उनीहरुको नियमितता, उपलब्धी र क्रियाकलाप सम्बन्धी अध्ययन विद्यालयमै उपस्थित भइ गरिएको थियो । अध्ययनका लागि सूचना संकलन गर्न प्रत्येक विद्यालयका प्र.अ.सँग अर्न्तवार्ता, २–२ जना शिक्षकसँग अर्न्तवार्ता, १–१ कक्षा अवलोकन, १० जना अभिभावकसँग प्रश्नावली, ३० विद्यार्थीसँग प्रश्नावली गरि समस्या समाधानका उपाय खोज्न प्रयास गरिएको थियो ।

यो अध्ययन सर्वेक्षण विधिमा आधारित भएकोले प्राथमिक स्रोतबाट र साहयक स्रोतबाट परिमाणात्मक र गुणात्मक सूचना संकलन तथा विश्लेषण गरिएको छ ।

यो अध्ययनबाट कुमालहरुको कुल जनसंख्या ७५६ रहेको पाइयो । ५–९ वर्ष (प्राथमिक उमेर) का कुल संख्या १४१ मध्ये ९५ जना विद्यालय भर्ना भएका र ४६ जना अर्थात एक तिहाइ जनसंख्या विद्यालय बाहिर रहेको पाइयो । तहगत रुपमा १५ वर्ष माथिको निरक्षर जनसंख्या ९८, समान्य लेखपढ गर्ने जनसंख्या १४६, ५ कक्षा उत्तीर्ण २७ जना, ८ कक्षा उत्तीर्ण १३ जना, टेष्ट पास १ जना, एस.एल.सी. उत्तीर्ण ५ जना, प्रमाणपत्र उत्तीर्ण ५ जना र स्नातक अध्ययनरत १ जना मात्र भएको पाइयो ।

कक्षा १–५ को शैक्षिक सत्र बिचमा विद्यालय छाड्नेको विद्यार्थीको संख्या शैक्षिक सत्र २०६७ मा कुल ३४४ मध्ये कुमाल १२० जना पाइयो । यसै गरि कक्षा ५ मा ४६ जना कुमाल विद्यार्थी भर्ना भए पनि २६ जना मात्र परिक्षा सहभागि र १३ जना मात्र उत्तीर्ण भएको पाइयो । औषत उपस्थिति अन्य समुदायको ९३ प्रतिशत हुँदा कुमालहरु छात्रा ५६ प्रतिशत र छात्र ६२ प्रतिशत भएको पाइयो । यसै गरि औषत उपलब्धी कुलमा छात्राको

४४.३३ प्रतिशत र छात्रको ४६.६६ प्रतिशत हुँदा कुमाल छात्राको ३७.६६ प्रतिशत र छात्रको ४०.६६ प्रतिशत भेटियो ।

कक्षा अवलोकन, छलफल, अर्न्तवार्ता र विद्यालय दस्तावेजका आधारमा कुमाल विद्यार्थीको प्राथमिक विद्यालय पहुँचमा बाधा पुऱ्याउने मूख्य तत्व अभिभावकको चेतना, गरिबी, वेरोजगार, व्यवहारिक तथा आत्मनिर्भर बन्न नसकेको शिक्षा र रुढिवादी सोँच पाइयो ।

समग्रमा भन्नु पर्दा वलेवाङका कुमाल समुदायको प्राथमिक विद्यालयमा पहुँच बढाउन अभिभावक सचेतिकरण गर्नु पर्ने, गरिबी हटाउनु पर्ने, पेशालाई व्यवसायिक र आत्मनिर्भर बनाउनु पर्ने, गाउँ शिक्षा समिति र जिल्ला शिक्षा समितिले कुमाल समुदायलाई लक्षित गरी विद्यालयमा आर्कषण गर्ने कार्यक्रहरु गर्नु पर्ने तथा विद्यालयमा व्यवस्थापन समिति शिक्षक र अभिभावकहरुले बालबालिका भर्ना गराउन, नियमित गराउन, उपब्धी उकास्न छात्रवृति लगायत विभिन्न सुविधाहरु दिवा खाजा, आवासिय सुविधा, आदि सहित प्रर्याप्त व्यवस्था गर्नु पर्ने निर्ष्कष निकाल्न सकिन्छ । कुमालहरुको शैक्षिक पहुँच वृद्धिका लागि भर्ना गर्न शैक्षिक जागरण तथा घर दैलो अभियान गरी उत्प्रेरित गर्नुपर्ने, भर्ना भएकाहरुलाई विद्यालयमा टिकाइरहन आर्थिक स्थिति सवल बनाउने खालका व्यवहारिक र व्यवसायिक शिक्षा उपलब्ध गराउनु पर्ने, सबै कुमाल बालबालिकाहरुलाई छात्रवृत्तिको सुनिश्चतता गराउनुपर्ने, अनियमित हुने र कमजोर उपलब्धी भएका कुमाल विद्यार्थीहरुलाई जिल्ला शिक्षा कार्यालय, गाउँ शिक्षा समिति समेतले सहयोग गरी नियमित गराउनु पर्ने र विशेष कक्षाको व्यवस्था गर्ने तथा कुमाल भाषा, संस्कृति, लिपीको संरक्षण हुने गरी कुमाल जनजातिकै भाषामा पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने सुझाव दिइएको छ ।

# विषयसूची


| | |
|---|---|
| अध्याय-एक | १-६ |
| परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अध्ययनको सिमाङ्कन | ६ |
| अध्याय दुइ | ७-१० |
| २.१ सन्दर्भ साहित्यको पुनरावलोकन | ७ |
| २.२ अवधारणात्मक ढाँचा | १० |
| अध्याय तीन | ११-१४ |
| अध्ययनको विधि | ११ |
| ३.१ अध्ययनको ढाँचा | ११ |
| ३.२ नमूना छनौट | १२ |
| ३.२.१ विद्यालय छनौट | १२ |
| ३.२.२ प्रधानाध्यापक छनौट | १२ |
| ३.२.३ शिक्षक छनौट | १२ |
| ३.२.४ विद्यार्थी छनौट | १२ |
| ३.२.५ अभिभावक छनौट | १२ |
| ३.३. साधनको निर्माण | १२ |
| ३.३.१ अन्तरवार्ता, प्रश्नावली | १२ |
| ३.३.२ छलफल निर्देशिका | १३ |
| ३.३.३ विद्यालय दस्तावेज अध्ययन फाराम | १३ |
| ३.४ साधनको बैधता | १३ |
| ३.५ सूचना संकलन प्रक्रिया | १३ |
| ३.६ सूचना विश्लेषण प्रक्रिया | १३ |
| ३.७ नैतिकताको मापदण्ड | १४ |
| अध्याय चार | १५-२८ |
| तथ्यांकको विश्लेषण र व्याख्या | |
| ४.१ कुमालको जनसंख्या र शिक्षामा पहुँच विवरण | १५ |
| ४.२ प्रधानाध्यापकसँगको अन्तर्वार्ताको आधारमा प्राप्त धारणा | २१ |
| ४.३ शिक्षकसँग गरिएको अन्तर्वार्ताको विवरण | २३ |
| ४.४ छनौटमा परेका अभिभावकसँग गरिएको छलफल विवरण | २५ |
| ४.५ विद्यार्थीसँग गरिएको छलफलबाट प्राप्त विवरण | २६ |
| अध्याय पाँच | २९-३४ |
| प्राप्ति, निष्कर्ष र सुझाव | |
| ५.१ प्राप्ति | २९ |
| ५.२. निष्कर्ष | ३२ |
| ५.३. सुझाव | ३३ |